# कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी२०७५ ,

( गाँउ कार्यपालिकाबाट पारित मिति: २०७५।०१।२३)
(गाउँ सभा तथा गाँउ कार्यपालिकाबाट प्रमाणिकरण मिति: २०७५।०१।२३)
(प्रकाशित मिति: २०७५ श्रावण २१ सोमबार)

नेपालको संविधानको धारा २१४ को अनुसूची ८ मार्फत प्रदत्त अधिकार तथा स्थानीय सरकार संचालन ऐन ,२०७४को परिच्छेद १५ को दफा १०२ (१ र २) ले दिएको अधिकार प्रयोग गरी कुशे गाउँपालिका गाउँ कार्यपालिकाको मिति२०७५।०१।२३ गतेको वैठकले देहायको कार्यविधी बनाएको छ ।

## कुशे गाउँपालिकामा जलस्रोतको सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधी

### प्रस्तावना:

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम स्थानीय तहलाई जलस्रोत तथा जलाधार,भूसंरक्षण, मुहान संरक्षण, खानेपानी, सिचाई, साना जलविदुत, जल उपयोग, एवं प्राकृतिक स्रोतको उपयोग एवं व्यवस्थापन सम्बन्धमा कुशे गाउँपालिका भित्रको भू-सतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग संरक्षण, व्यवस्थापन र विकास गर्न एवं जलस्रोतको लाभदायक उपयोगहरुको निर्धारण गर्ने त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्ने एवं जलस्रोतलाई प्रदुषण मुक्त राख्ने कानूनको व्यवस्था गर्न वाञ्छनीय भएकोले कुशे गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७५।०१।२३ गतेको वैठकको निर्णय बमोजिम कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी, २०७५ जारी गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**
(१) यो कार्यविधी नाम कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी २०७५ रहेकोछ ।
(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:
(क) "जलस्रोत" भन्नाले कुशे गाउँ पालिका क्षेत्रभित्रको भू सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थमा रहेको पानी सम्झनुपर्छ ।
(ख) "लाभादायिक उपयोग" भन्नाले साधन र स्रोतले भ्याए सम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्छ ।



CamScanner

(ग) "अनुमति प्राप्त व्यक्ति" भन्नाले जलस्रोतको उपयोग गर्ने दफा बमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित संस्था सम्झनुपर्छ ।

(घ) "उपभोक्ता संस्था" भन्नाले दफा बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्छ ।

(ङ) "गाउँ जलस्रोत समिति" भन्नाले दफा बमोजिमको गाउँ जलस्रोत सम्झनुपर्छ ।

(च) "अनुमतिपत्र" भन्नाले दफा बमोजिम दिईने अनुमतिपत्र सम्झनुपर्छ ।

(छ) "सर्भेक्षण" भन्नाले जलस्रोतको उपयोगका लागि गरिने संभाव्यता अध्ययन विस्तृत ईन्जिनियरिङ्ग डिजाइनको कार्य र त्यसका लागि गरिने अन्वेषणको कार्य समेत सम्झनुपर्छ ।

(ज) "उपभोक्ता" भन्नाले जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गर्ने व्यक्ति सम्झनुपर्छ

(झ) "सेवा शुल्क" भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका वा अनुमति पत्र प्राप्त व्यक्तिले उपलब्ध गराएको जलस्रोतसँग सम्बन्धित सेवा उपयोग गरे वापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ञ) "गाउँपालिका" भन्नाले कुशे गाउँपालिका सम्झनुपर्छ ।

(ट) "गाउँ कार्यपालिका" भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(ठ) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ड) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

परिच्छेद २

## जलस्रोत स्वामित्व सम्बन्धी व्यवस्था

३. **जलस्रोत स्वामित्वः**

(१) कुशे गाउँपालिका भित्र रहेको जलस्रोतको स्वामित्व नेपाल सरकार तथा स्थानीय सरकारमा निहित रहनेछ ।

(२) प्रचलित संघीय, प्रदेश तथा गाउँपालिकाको कानून बमोजिम गाउँपालिकाको जलस्रोतको उपयोग तथा व्यवस्थापन गर्ने अधिकार गाउँपालिकामा रहनेछ ।

परिच्छेद ३

## उपभोक्ता सम्बन्धि व्यवस्था

४. **जल उपभोक्ता संस्थाको गठनः**

(१) सामुहिक लाभको लागि संस्थागत रुपमा जलस्रोतको उपयोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।



(२) उपदफा (१) बमोजिम गठन गरिएको जल उपभोक्ता संस्यालाई गाउँ जलस्रोत समिति समक्ष दर्ता गराउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम जल उपभोक्ता संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्नेछ

(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता संस्था गठन भएको,

(ख) संस्थाको विधान एक प्रति,

(ग) अनुसूची-१ बमोजिमको निवेदन,

(घ) ५०० रुपैयाँ दस्तुर,

५. **उपभोक्ता संस्थाको दर्ताको लागि दरखास्त दिनुपर्नेः** दफा ३ बमोजिम उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहने सम्बन्धित उपभोक्ताहरुमध्ये कम्तीमा सात जना उपभोक्ताहरुले अनुसूची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र पाँच सय रुपैया दस्तुर सहित गाउँ जलस्रोत समिति समक्ष दरखास्त दिनु पर्नेछ ।

६. **विधानमा खुलाउनुपर्ने विवरणहरुः** दफा ४ बमोजिम पेश गर्नुपर्ने उपभोक्ता संस्थाको विधानमा संस्था सम्बन्धी देहायका विवरणहरु खुलाउनुपर्नेछ ।

(क) पूरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता तथा सदस्यता शुल्क,

(घ) सदस्यको निस्काशन र राजीनामा,

(ङ) हकदावी नामासारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्बन्धी व्यवस्था,

(छ) सञ्चालक समिति गठन निर्वाचन काम कर्तव्य अधिकार सम्बन्धी,

(ज) सञ्चालक पदमा वहाल रहन नसक्ने अवस्था,

(झ) संचालक समितिको वैठक सम्बन्धी कार्यविधि,

(ञ) कोष तथा लेखापरीक्षण,

(ट) विधान संशोधन,

(ठ) विघटन,

(ड) विविध,

७. **उपभोक्ता संस्था सङ्गठित संस्था हुनेः**(१) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) उपभोक्ता संस्थाको सवै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न उपभोग गर्न वेच विखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।



CamScanner

(४) उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

८. <u>दर्ता र प्रमाणपत्रः</u> दफा ५ बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसूची -२ बमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँ जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको मितिले तीस दिनभित्र सो कुराको सूचना दिनुपर्नेछ।

(३) यो निर्देशिका प्रारम्भ हुनु अगावै प्रचलित कानून बमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु यसै निर्देशिका बमोजिम दर्ता भएको मानिनेछन ।

९. <u>विधान संशोधनः</u>(१)उपभोक्ता संस्थाले आफ्नो विधान संशोधन गर्नुपर्ने भएमा विधानको प्रकृया पूरा गरी तयार गरिएको विधानको संशोधित मस्यौदा गाउँ जलस्रोत समितिमा पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विधान संशोधन सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी विधानलाई संशोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद ४

## <u>जलस्रोतको उपयोग सम्बन्धी व्यवस्था</u>

१०. <u>जलस्रोत उपयोगः</u>(१) यस निर्देशिका बमोजिम अनुमतिपत्र प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न पाउनेछैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमति लिनुपर्नेछैन ।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न,

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिंचाइ गर्न,

(ग) घरेलु उद्योगको रुपमा पानीघट्ट वा पानिचक्कि चालउन,

(घ)व्यक्तिगत रुपमा स्थानीय आवागमनको लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सीमित रहेको जलस्रोत तोकिएबमोजिम उपयोग गर्न,

(३) जलस्रोतको उपयोग गर्ने व्यक्ति वा संङ्गठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।



११. <u>जलस्रोत उपयोगको प्राथमिकताक्रमः</u>(१) जलस्रोत उपयोग गर्दा साधारणतया देहायको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी र घरेलु उपयोग,

(ख) सिंचाइ,

(ग) पशुपालन तथा मत्यपालन जस्ता कृषिजन्य उपयोग,

(घ) जलविद्युत,

(ङ) घरेलु उद्योग औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत उपयोग जाँचवुझ समितिले उपदफा (१) को प्राथमिकताक्रम दफा ४ को उपदफा (३) बमोजिम जलस्रोतको लाभदायक उपयोग भए नभएको र अन्य आवश्यक जाँचवुझ समेतगरी सोको आधारमा सम्बन्धित जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिम जलस्रोत उपयोग जाँचवुझ समितिले निर्धारण गरेको कुरा सम्बन्धित सबैलाई मान्य हुनेछ ।

(४) उपदफा (२) बमोजिम जलस्रोतउपयोग जाँचवुझ समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१२. <u>अनुमतिपत्रको व्यवस्थाः</u>(१) जलस्रोतको सर्वेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक प्राविधि र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरणहरु खुलाई गाउँ जलस्रोत समिति समक्ष अनुमति पत्रको लागि दरखास्त दिनुपर्नेछ तर जलस्रोतको सर्वेक्षणको अनुमतिपत्रको लागि दरखास्त दिदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवश्यक पर्नेछैन ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्तमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले जलस्रोत सर्वेक्षणको अनुमतिपत्रको हकमा तीस दिन भित्र र जलस्रोत उपयोगको अनुमतिपत्रको हकमा १२० दिन भित्र तोकिए बमोजिमको ढाँचमा आवश्यक शर्तहरु तोकि दफा ७ को उपदफा १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाइ अनुमतिपत्र दिनुपर्नेछ ।

(३) दफा ४ को उपदफा (२) बमोजिम हुनेमा बाहेक यो ऐन प्रारम्भ हुनु भन्दा अगावै देखि जलस्रोतको उपयोग गरी रहेको व्यक्ति वा सङ्गठित संस्थाले पनि



CamScanner

तोकिएको विवरण सहित यो निर्देशिका प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँ जलस्रोत समिति समक्ष अनुमतिपत्रको लागि दरखास्त दिनुपर्नेछ ।

(४) उपदफा ३ बमोजिम परेको दरखास्तमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्त परेको मितिले साठी दिन भित्र तोकिए बमोजिमको ढाँचामा अनुमतिपत्र दिनुपर्नेछ ।

(५) अनुमतिपत्र व्यक्तिले जलस्रोतको उपयोग वापत नेपाल सरकार, प्रदेश सरकार गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ ।

(६) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा गाउँ जलस्रोत समितिबाट तोकिए बमोजिम स्वीकृति लिनुपर्नेछ

१३. **जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिनेः** (१) जलस्रोतउपयोगको सर्वेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची-३ बमोजिम ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायका विवरणहरु खुलाइ गाउँ जलस्रोत समिति समक्ष तीनप्रति दरखास्त फारम दिनुपर्नेछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य मुख्य संरचना समेत देखिने),

(ग) पानीको स्रोत र उपयोग हुने पानीको परिमाण,

(घ) परियोजनाबाट लाभावान्धित हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) सर्वेक्षण गरिने जलस्रोतको क्षेत्र,

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत (सर्वेक्षण र सञ्चालनको लागि समेत),

(छ) अन्य आवश्यक कुराहरु ।

(२) उपदफा (१) बमोजिम सर्वेक्षण अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची-२ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतको दरले हुन आउने रकम सर्वेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनु पर्नेछ ।

१४. **दरखास्त उपर जाँचबुझः**(१)दफा ३ बमोजिम दरखास्त परेपछि कार्यविधी बमोजिम दरखास्तवालाले दरखास्तवालले दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण र प्रतिवेदन पेश गर नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरको रहेनछ भने त्यस्तो कागजात विवरण वा माफिकको म्याद तोकी दरखास्त परेको पन्ध दिनभित्र सूचना दिनुपर्नेछ ।



(३)उपदफा (२)बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिको म्याद तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै निर्देशिकाको दफा को उपदफा (२) को प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१५. **सर्वेक्षण अनुमतिपत्र दिनेः** दफा ३ बमोजिम परेको दरखास्त उपर दफा ४ बमोजिम गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवश्यक भए संशोधन समेत गरी अनुसुची -४ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्वेक्षण अनुमतिपत्र दिनुपर्नेछ ।

१६. **सर्वेक्षण प्रतिवेदन पेश गर्नुपर्नेः** दफा ५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिले सर्वेक्षणको काम सम्पन्न गरेको मितिले तीस दिनभित्र आफूले गरेको सर्वेक्षणको तीन प्रति प्रतिवेदन गाउँ जलस्रोत समिति समक्ष पेश गर्नुपर्नेछ ।

१७. **दोहोरो सर्वेक्षण अनुमतिपत्र नदिइनेः**(१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसूची -५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहायको विवरणहरु खुलाइ गाउँ जलस्रोत समिति समक्ष तीन प्रति दरखास्त फाराम दिनुपर्नेछ ।

(क) परियोजनाको विस्तृत विवरण परियोजना स्थलको नक्शाको उपयोग गरिने पानीको स्रोत परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय लागत परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको सञ्चालकहरुको नाम थर र वतन समेत स्पष्ट रुपमा खुलाउनु पर्छ ।

(ख) सम्भाव्यताको विश्लेषण परियोजनाको विस्तृत नक्शा सहितको प्राविधिक विवरण तथा आर्थिक विश्लेषण र उपभोक्ताहरुको विवरण)।

(ग)वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय व्यवस्था परियोजनाका लगानीकर्ताहरुको आर्थिक हैसियत परियोजनामा प्रत्यक्ष रुपले सहभागी हुने वित्तीय संस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुले दायित्व तथा शेयर पुँजी र ऋणको प्रतिशत)।

(घ)घर जग्गाको उपयोग वा प्राप्ति परियोजनाको निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत) ।

(ङ) वातावरणीय प्रभाव विश्लेषण(परियोजनाले वातावरणमा पार्ने उल्लेखनीय प्रतिकूल प्रभावलाई न्यूनतम गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवं जल वातावरण संरक्षणको लागि अपनाउने उपायहरु परियोजनाले सम्बन्धित क्षेत्रमा पार्न



गाउँ

सक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा क्षे र साधनको उपयोग, परियोजना सम्बन्धी कार्य पूरा भएपछि त्यस क्षेत्र व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा सञ्चालन सम्भार सम्बन्धमा स्थानी जनतालाई दिइने तालिम निर्माण शिविरको लागि आवश्यक पर्ने सुविधाहरु सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजनाहरु सञ्चालनबाट सम्बन्धित जग्गाधनीहरुलाई पर्न सक्ने असर विस्थापित जनसंख्याको लगत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवश्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनु पर्छ।

(च) अन्य आवश्यक कुराहरु ।

१८. <u>दरखास्त उपर जाँचबुझ</u>:(१)दफा ७ बमोजिम दरखास्त प्राप्त भएपछि निर्देशिका बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवश्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२)उपदफा (१)बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले सम्बन्धित दरखास्तवालालाई मुनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको मिति तीस दिनभित्र सो कुराको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२)बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँ जलस्रोत समितिले म्याद तोकी सूचना तोकी सूचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात प्राप्त हुन आउँछ सोही मितिलाई नै निर्देशिकाको को उपदफा (१) प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

१९. <u>सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने</u>:(१)दफा ७ बमोजिम जलस्रोतको उपयोगको अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँ जलस्रोत समितिले दफा ८ बमोजिम आवश्यक जाँचबुझ गरी तत्सम्बन्धी विवरणहरु खुलाइ सार्वजनिक जानकारीको लागि सूचना प्रकाशित गर्नुपर्नेछ ।

(२)उपदफा (१)बमोजिम सूचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसित सम्वन्धित परियोजनाको निर्माण तथा सञ्चालन गर्दा कुनै उल्लेखनीय प्रतिकूल असर पर्ने भएमा तत्सम्बन्धी विवरणहरु खुलाइ सूचना प्रकाशित भएको मितिले पैंतीस दिनभित्र सम्वन्धित गाउँ जलस्रोत समिति समक्ष जोसुकै पनि मन्तव्य दिन सक्नेछ ।

(३) उपदफा (२)वमोजिम प्राप्त हुन आएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँ जलस्रोत समितिले त्यस्तो उल्लेखनीय प्रतिकूल असर न्यूनतम गर्ने सम्बन्धमा सम्वन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमतिपत्रमा दिंदा तोकी दिनेछ ।



२०. <u>अनुमतिपत्र दिने</u>: दफा बमोजिम दरखास्त उपर दफा र बमोजिमको कार्यविधि पूरा गरी गराइ गाउँ जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवश्यक भए संशोधन समेत गरी अनुसूची ६बमोजिम ढाँचामा दरखास्तावलाइ जलस्रोत उपयोग सम्बन्धी अनुमतिपत्र दिनुपर्नेछ ।

२१. <u>सर्वेक्षणको अनुमति पत्र प्राप्त व्यक्तिलाई परियोजना सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने</u>: (१)दफा बमोजिम सर्वेक्षणको अनुमति प्राप्त व्यक्तिले आफूले गरेको सर्वेक्षण बमोजिम जलस्रोत उपयोग सम्बन्धी कार्य पनि गर्न चाहेमा सर्वेक्षण कार्य पूरा गर्नुपर्ने म्याद भित्रै दफा बमोजिमका विवरणहरु खुलाइ दरखास्त दिएमा यस निर्देशिकाको अन्य व्यवस्थाहरुको अधीनमा रही दरखास्तवालालाई प्राथमिकताकासाय दफा बमोजिम जलस्रोत उपयोगको अनुमति पत्र दिन सकिनेछ ।

२२. <u>जलस्रोत माथि अधिकार कायम हुने</u>: यस निर्देशिका बमोजिम जलस्रोत को उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाइ अनुमतिपत्रमा उल्लेख भए बमोजिम कामको लागि सोही अनुमति पत्रमा तोकिएको स्थान र क्षेत्रसम्म जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ

२३. <u>कार्य शुरु गर्नुपर्ने अवधि</u>:(१)अनुमतिपत्र प्राप्त व्यक्तिले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मिति सर्वेक्षणको हकमा तीन महिनाभित्र र जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालनको हकमा एक वर्षभित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी सम्बन्धित गाउँ जलस्रोत समितिलाइ दिनु पर्नेछ ।

तर म्यादभित्र कार्य शुरु गर्न नसकेको कारण खोली अनुमतिपत्र प्राप्त व्यक्तिले निवेदन दिएमा गाउँ जलस्रोत समितिले त्यस्तो कारण उचित र यथेष्ट देखेमा म्याद थप गर्न सक्नेछ

(२)उपदफा (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगति विवरण अनुमतिपत्र प्राप्त व्यक्ति सर्वेक्षण वा निर्माण कार्य सम्पन्न नभएसम्म गाउँ जलस्रोत समिति समक्ष पठाउनुपर्नेछ ।

२४. <u>नयाँ अनुमतिपत्र लिनुपर्ने</u>:(१) निर्देशिका प्रारम्भ हुनु अगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित संस्थाले पनि दफा मा उल्लेखित विवरणहरु खुलाइ निर्देशिका प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँ जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त दिनेछ ।

(२)उपदफा (१)बमोजिम पर्न आएको दरखास्त उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालालाइ अनुसूची -७ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनेछ ।

२५. **अनुमतिपत्र दस्तुरः** यो निर्देशिका बमोजिमको जलस्रोतको उपयोग सम्बन्धी कार्य सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची - ८ मा तोकिए बमोजिमको अनुमतिपत्र दरखास्त बुझाउनु पर्नेछ ।

२६. **अनुमति नवीकरण गर्नेः**(१)यो निर्देशिका बमोजिम जलस्रोतको उपयोग सम्बन्धी का सञ्चालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिँदा अनुसूची - ८ मा तोकिएको दस्तुर पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

(२) प्रत्येक अनुमतिपत्र नवीकरण गराउँदा अनुसूची - ८ मा तोकिएको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

२७. **अनुमतिपत्र विक्रि वा हस्तान्तरण गर्न स्वीकृति लिनुपर्नेः**(१)अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परे सम्बन्धित गाउँ जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२)उपदफा (१)बमोजिम प्राप्त भएको निवेदन उपर गाउँ जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित संस्थाको नाउँमा विक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

२८. **जलविद्युतको लागि जलस्रोतको उपयोगः**(१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत उत्पादनको गर्नको लागि जलस्रोतको सर्वेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) जलविद्युत उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्बन्धी अन्य व्यवस्था यस निर्देशिका बमोजिम हुनेछन ।

२९. **गाउँपालिकाले जलस्रोतको उपयोग वा विकास गर्न सक्नेः**(१)गाउँपालिका आफैले गर्ने जलस्रोतको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

(२) कसैले यस ऐन बमोजिम उपयोग गरेको जलस्रोत र सो सँग सम्बन्धित जग्गा भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफूले लिई विकास गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आफूले लिएको जलस्रोतको उपयोग सिति सम्बन्धित जग्गा भवन वा संरचना वापत नेपाल सरकारले सम्बन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपूर्ति दिनेछ ।

(४) उपदफा (३) बमोजिम दिईने क्षतिपूर्तिको रकम उपदफा (२) बमोजिम नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचना



वर्तमान मूल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाई को आधारमा निर्धारित गरिनेछ ।

३०. **गाउँ जलस्रोत समितिको गठनः**(१)गाउँ भित्र रहेको जलस्रोतको उपयोगको लागि निर्देशिका दफा को उपदफा (१) बमोजिम अनुमतिपत्र प्रदान गर्ने प्रयोजनको लागि गाउँपालिकामा देहाय बमोजिम गाउँ जलस्रोत समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| (ख) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| (ग) गाउँमा रहेको जलस्रोतको उपयोग सँग सम्बन्धित शाखाको प्रतिनिधि | सदस्य |
| (घ) कृषि शाखा प्रमुख | सदस्य |
| (ङ) वन शाखा प्रमुख | सदस्य |
| (च) खानेपानी शाखा प्रमुख | सदस्य |
| (छ) सिंचाइ शाखा प्रमुख | सदस्य |
| (ज) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

३१. **गाउँ जलस्रोत समितिको बैठक सम्बन्धी कार्यविधिः**(१)गाउँ जलस्रोत समितिको बैठक अध्यक्षले तोकेको समय मिति र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता गाउँ जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा गाउँ जलस्रोत समितिको सदस्यहरुले आफूमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३)गाउँ जलस्रोत समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४)गाउँ जलस्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुई तिहाइ सदस्यहरुको मतलाई गाउँ जलस्रोत समितिको निर्णय मानिनेछ ।

(५)गाउँ जलस्रोत समितिको निर्णय गाउँ जलस्रोत समितिको सचिवद्धारा प्रमाणित गरिनेछ ।

(६)गाउँ जलस्रोत समितिको बैठक सम्बन्धी अन्य कार्यविधि गाउँ जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. **गाउँ जलस्रोत समितिको सचिवालयः** गाउँ जलस्रोत समितिको सचिवालय प्रमुख प्रशासकीय अधिकृतको कार्यालयमा रहनेछ ।

३३. **जलस्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्नेः**(१)गाउँपालिकाले दफा १० को उपदफा (१) वा (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्बन्धी परियोजनाको निर्माण समाप्त भइसकेपछि आवश्यक शर्तहरु तोकी हस्तान्तरण गर्न सक्नेछ ।

(२)उपदफा (१)बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफूले अनुमति प्राप्त गरे सरह सो परियोजनाको सञ्चालन सम्बन्धित उपभोक्ता संस्थाले गर्नेछ ।

३४. **जलस्रोतको उपयोगको लागि करार गर्न सक्ने:** यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी सङ्गठित संस्था वा व्यक्तिसित प्रचलित कानून अधीनमा रही करामा गरी सोही करारमा उल्लेखिति शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

३५. **सेवा उपभोगका शर्तहरु तोक्न र सेवा शुल्क असुर उपर गर्न पाउने:** (१) अनुमति प्राप्त व्यक्तिले आफूले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई आपसी शर्तको आधारमा उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्क असुर उपर गर्न सक्नेछ ।

(२)गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क तोकिए बमोजिम निर्धारण गरी असूलउपर गर्न सक्नेछ ।

३६. **सेवा रोक्न सक्ने** : सेवा उपभोग गरेवापत बुझाउनुपर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा वन्द गर्न सकिनेछ ।

३७. **अरुको घरजग्गामा प्रवेश गर्न सक्ने** : नेपाल सरकारले वा अनुमति प्राप्त व्यक्तिले जलश्रोतको सर्भेक्षण वा उपयोगको सिलसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु परेमा गाउँपालिका वा अनुमती प्राप्त व्यक्तिले खटाएको कर्मचारीले सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिएर मात्र त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिका वा अनुमती प्राप्त व्यक्तिले तोकिएबमोजिम क्षतिपुर्ति दिनेछ ।

तर कुनै घर जग्गामा जलश्रोतको अनधिकृत उपयोग वा दुरुपयोग गरी रहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटना वाट वचाउन पूर्व सूचना विना पनि त्यस्तो कर्मचारीले सम्बन्धित घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

३८. **जलश्रोतको उपयोगसित सम्बन्धित संरचनाको सुरक्षा** : १) जलश्रोतको उपयोगिता सित सम्बन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्तिको अनुरोधमा वा स्वयं आफ्नो विचारमा त्यस्तो सुरक्षा गर्न आवश्यक ठानेमा गाउँपालिकाले प्रबन्ध गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्तिको अनुरोधमा सुरक्षा प्रबन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पुर्ण खर्च अनुमति प्राप्त व्यक्तिले बेहोर्नेछ ।



३९. **जलश्रोतलाई प्रदुषितगर्न नहुने** : (१) गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी जलश्रोतको प्रदुषण सहन सिमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको जलश्रोतको प्रदुषण सहन सीमा नाघ्ने गरी कसैलाई पनि कुनै किसिमको फोहोरमैला, औद्योगिक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलश्रोतलाई दुषित गर्नुहुदैन ।

(३) जलश्रोत प्रदुषित भए नभएको वा कुनै जलश्रोत उपयोगको सम्बन्धमा दफा १८ को उपदफा (१) बमोजिम तोकिएको गुणस्तर भए नभएको सम्बन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार परीक्षण गर्न गराउन सक्नेछ ।

४०. **वातावरणमा उल्लेखनीय प्रतिकुल असर पार्न नहुने** : जलश्रोतको उपयोग गर्दा भूक्षय हुने, बाढी पहिरो वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनीय प्रतिकुल असर नपर्ने गरी गर्नुपर्नेछ ।

४१. **अनुमति खारेज गर्न सकिने** : १) अनुमति प्राप्त व्यक्तिले यो निर्देशिका वा यस निर्देशिका अन्तर्गत बनेका अन्य दफा विपरित कुनै काम गरेमा तोकिएको अधिकारीले अवधि तोकि त्यस्तो काममा आवश्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र अनुमतिपत्र प्राप्त व्यक्तिले आवश्यक सुधार गाउँमा तोकिएको अधिकारीले त्यस्तो व्यक्तिले पाएको अनुमति पत्र खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति पत्र खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्बन्धित अनुमतिपत्र प्राप्त व्यक्तिलाई मनासिव सफाइ पेश गर्ने मौका दिनुपर्नेछ ।

(४) उपदफा (१)को प्रयोजनको लागि सम्बन्धीत गाउँ जलश्रोत समितिलाई अधिकारी तोकिएको छ ।

(५) कुनै जलश्रोत प्रदुषित भए नभएको वा कुनै जलश्रोतको उपयोगको सम्बन्धमा ऐनको दफा १८को उपदफा (१) बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा परिक्षण गर्ने गराउने अधिकार गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीलाई हुनेछ ।

(६) ऐनको दफा २२ को उपदफा(१),(२) र (३) बमोजिम सजाय गर्ने प्रयोजनको लागि गाउँपालिकाको जलश्रोत समितिको समिति वा प्रतिनिधीलाई तोकिएको छ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतया कुनै प्रतिकुल प्रभाव नपर्ने गरी गाउँपालिकाले खासगरी देहायका विषयमा दफाहरु बनाउन सक्नेछः

(क)खानेपानी, सिंचाइ, जल यातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्बन्धी उपयोग र जलश्रोतको यस्तै अन्य उपयोग सम्बन्धी कुराहरु ,

(ख) जलश्रोत संरक्षण,बाढी नियन्त्रण, पहिरो रोकथाम सम्बन्धी कुराहरु ,

(ग)वातावरण संरक्षण सम्बन्धी कुराहरु,



CamScanner

(घ) जलश्रोत सम्बन्धी सेवाहरु उपयोग गरेवापत गाउँपालिकालाई बुझाउनुपर्ने शुल्क, दस्तुर इत्यादीसँग सम्बन्धित कुराहरु,

(ङ) जलश्रोतका विभिन्न उपयोगका तरिकाहरु

(च) जलश्रोतको प्रदुषण रोक्ने सम्बन्धी विषयहरु,

(छ) जलश्रोतको उपयोगबाट उत्पन्न सेवाको स्तर निर्धारण सम्बन्धी कुराहरु,

(ज) जलश्रोतको उपयोगबाट हुन सक्ने दुर्घटना र त्यसको जाँचबुझ तथा क्षतिपुर्ति सम्बन्धी विषयहरु,

(झ) उपभोक्ता संस्था/समिती र उपरभोक्ता सम्बन्धी अन्य व्यवस्थाको साथै उपभोक्तालाई संरक्षण र सुविधा दिने विषयहरु,

(ञ) जलश्रोतको विकास तथा उपयोग सम्बन्धी अन्य आवश्यक कुराहरु ।

(२) यो निर्देशिका प्रारम्भ हुनुभन्दा अधिका कानून बमोजिम गरिएका कामकारवाही यसै निर्देशिका अर्न्तगत गरेको मानिनेछ ।

परिच्छेद ४

## जलश्रोत उपयोगको विवाद सम्बन्धी जाँचबुझ

३६. **जलश्रोत उपयोग जाँचवुझ समिति:** (१) जलश्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहायका अध्यक्ष तथा सदस्यहरु भएको एक जलश्रोत उपयोग जाँचवुझ समिति रहनेछ :

| | |
|---|---|
| (क) प्रतिनिधी वातावरण तथा विपद व्यवस्थापन: | अध्यक्ष |
| (ख) सम्वन्धित वडा अध्यक्ष वा निजले तोकेको सदस्य | सदस्य |
| (ग) प्रतिनिधी योजना शाखा: | सदस्य |

(२) दुई वा दुई भन्दा वढी वडाहरुवीच जलश्रोतको उपयोग सम्बन्धी विवाद उत्पन्न भएमा उपदफा(१)को खण्ड (ख) वमोजिम विवादसँग सम्बन्धीत प्रत्येक वडाको वडा समितिको १/१ जना प्रतिनिधी रहनेछन ।

(३) उपदफा(१) वमोजिमको जलश्रोत उपयोग जाँचवुझ समितिले जलश्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा देहायको कार्यविधि अपनाउने छ :

(क) जलश्रोत उपयोगको परियोजनावाट लाभान्वित हुने स्थानीय व्यक्तिहरुवीच जलश्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलश्रोत सम्वन्धी कुनै परियोजना संचालन गरेवाट स्थानीय व्यक्तिहरुलाई पर्न जाने मर्काको सम्वन्धमा विवाद उठेमा सम्वन्धीत सवै अनुमतिपत्र प्राप्त व्यक्ति, संगठित संस्था तथा स्थानीय व्यक्तिहरुलाई छुट्टाछुट्टै वा सामुहिक रुपमा आफ्नो दावि पुष्ट्याइ हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिव माफिकको म्याद तोकिदिनुपर्नेछ ।

(ख) खण्ड (क) वमोजिम तोकिएको म्यादभित्र लिखित जानकारी प्राप्त भएपछि परियोजना स्थल समेतको स्थलगत अध्ययन गरी मुख्यतया: देहायको विषयमा जानकारी लिनुपर्नेछ :

(अ) परियोजनाको कुल खर्च,



(आ) परियोजनाबाट हुने फाइदाको स्तर,

(इ) आयोजना संचालन गर्दा सम्वन्धीत जलश्रोतबाट उपयोग गरिरहेका व्यक्ति वा समुहलाई पर्न सक्ने असर

(ई) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताको संख्या

(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव

(ऊ) स्थानीय जनताको आवश्यकता

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको प्रतिक्रिया

(ऐ) अन्य आवश्यक कुराहरु

(ग) खण्ड (ख)मा उल्लेख भएका विषयहरुमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलश्रोतको लाभदायक उपयोग भए नभएको र सो जलश्रोत उपयोग गर्न पाउने कुराको निर्धारण गरिनेछ ।

(घ) उपदफा (३)को खण्ड (ग) बमोजिम जलश्रोतको उपयोग सम्वन्धी कुराको निर्धारण गर्दा जलश्रोत उपयोग जाँचवुझ समितिले कुनै जलश्रोतको उपयोग गर्ने शर्तहरु समेत तोक्न सक्नेछ ।

परिच्छेद ५

## सेवा शुल्क सम्बन्धी

३७. **वार्षिक शुल्क:** अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराएवापत गाउँपालिकालाई वुझाउनु पर्ने वार्षिक शुल्क अनुसूची ९ मा तोकिएवमोजिम हुनेछ ।

३८. **सेवा शुल्क निर्धारण समिति:** (१) गाउँपालिकाले गरेको जलश्रोतको उपयोगको सेवा शुल्क निर्धारण गर्न निर्धारित समयभित्र सेवा शुल्क नवुझाउने उपभोक्ताले तिर्नुपर्ने अतिरिक्त सेवा शुल्कको दर समेत निर्धारण गर्न देहायका अध्यक्ष तथा सदस्यहरु भएको एक सेवा शुल्क निर्धारण समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाले तोकेको व्यक्ति : | अध्यक्ष |
| (ख) उपभोक्ता मध्येबाट गाउँपालिकाले तोकेको व्यक्ति : | सदस्य |
| (ग) गाउँपालिकाले तोकेको व्यक्ति : | सदस्य सचिव |

(२) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि उक्त समिति आफैले गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क निर्धारण गर्दा ह्रास कट्टी दर, उर्पयुक्त लाभ, संरचनाको तरिका, उपभोक्ता मूल्य सूचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।



CamScanner

३९. **सेवा शुल्क बुझाउनु पर्ने:** जलश्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरेबापत दफा ३० को उपदफा ३ बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ ।

परिच्छेद –६

## घरजग्गा प्राप्ति तथा क्षतिपुर्ति सम्बन्धी व्यवस्था

४०. **निवेदन दिनुपर्ने** : निर्देशिकाको दफा १६को उपदफा (१)बमोजिम जलश्रोत उपयोगको लागि अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त व्यक्तिले गाउँपालिका समक्ष अनुसूची -१० बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

४१. **परियोजना स्थल वरीपरिको जग्गा प्रयोग गर्न निषेध गर्न सक्ने** : (१) ऐनको दफा १६को उपदफा (३) को प्रयोजनको लागि गाउँपालिकाले जलश्रोतको उपयोग सम्बन्धी परियोजनाको किसिम,बनोट, क्षमता आदि कुराहरुलाई ध्यानमा राखी त्यस्तो परियोजना क्षेत्रभित्रका घर जग्गा कुनै खास कामको लागि अरु कसैले प्रयोग गर्न नपाउने गरी निश्चित दुरी तोकी निषेध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निषेध गरिएको कुराको सूचना गाउँपालिकाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरी सम्बन्धीत परियोजना क्षेत्रको मूख्य मूख्य ठाउँ, परियोजना कार्यालय,सम्बन्धीत वडा वा गाउँपालिका लगायत सम्बन्धीत अन्य कार्यालयमा समेत टाँस्न लगाउनु पर्नेछ ।

४२. **क्षतिपुर्ति दिइने** : (१) दफा ३३ बमोजिम घरजग्गा प्रयोग निषेध गरिएको कारणबाट सम्बन्धीत व्यक्तिलाई भएको हानीनोक्सानी वापत दिइने क्षतिपुर्तिको रकम दफा ३५ को उपदफा (२) वमोजिम गठित क्षतिपुर्ति निर्धारण समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) घरजग्गाको प्रयोगमा थप वन्देज लगाउनुपर्ने अवस्था परेमा बाहेक उपदफा (१) वमोजिम दिइने क्षतिपुर्तिको रकम सम्बन्धीत व्यक्तिलाई एकैपटक मात्र दिइनेछ ।

४३. **क्षतिपुर्ति निर्धारण समिति:** (१) निर्देशिकाको दफा १०को उपदफा (३) बमोजिम क्षतिपुर्तिको रकम निर्धारण गर्न देहायका अध्यक्ष र सदस्य भएको एक क्षतिपुर्ति निर्धारण समिति रहनेछ ।

(क)गाउँपालिकाले तोकेको व्यक्ति : अध्यक्ष

(ख) जलश्रोत उपयोग परियोजनासँग सम्वन्धीत कार्यालयको प्रतिनिधी: सदस्य

(ग) जलश्रोतसँग सम्वन्धीत गाउँपालिकाले तोकेको विशेषज्ञ : सदस्य

(२) ऐनको दफा १५/१६ बमोजिम दिनुपर्ने क्षतिपुर्तिको रकम निर्धारण गर्ने प्रयोजनको लागि उपदफा (१)मा तोकिएको समितिमा देहायका व्यक्तिहरु समेत सदस्य रहनेछन ।

(क) हानीनोक्सानी भएको अचल सम्पत्तिको धनी वा निजको प्रतिनिधी : सदस्य



(ख) हानीनोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको सम्वन्धीत गाउँपालिकाको मालपोत शाखाको प्रतिनिधी : सदस्य

(ग) हानीनोक्सानी भएको अचल सम्पत्ति रहेको क्षेत्रको सम्वन्धीत वडा कार्यालय वा गाउँपालिकाको सदस्य

(३) उपदफा (१) बमोजिमको क्षतिपुर्ति निर्धारण समितिले क्षतिपुर्तिको रकम निर्धारण गर्दा प्रत्यक्ष तथा वास्तविक हानीनोक्सानीको मूल्यांकन गरी क्षतिपुर्तिको रकम निर्धारण गर्नुपर्नेछ ।

(४) क्षतिपुर्ति निर्धारण समितिको वैठक सम्वन्धी कार्यविधि उक्त समिति आफैले निर्धारण गर्न सक्नेछ ।

परिच्छेद - ७

## विविध

४४. **सहयोग पुऱ्याउनु पर्ने:** आफ्नो कार्यसम्पादनको सिलसिलामा गाउँ जलाश्रोत समितिले जलश्रोत सँग सम्वन्धीत निकायबाट आवश्यकता अनुसार जलश्रोत सम्वन्धी तथ्यांकहरु माग गर्न सक्नेछ र माग भएवमोजिमको तथ्यांकहरु उपलब्ध गराउनु सम्वन्धित निकायको कर्तव्य हुनेछ ।

४५. **दुर्घटनाको सूचना** : (१) अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको उपयोग सम्वन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा गाउँ जलश्रोत समितिलाई तुरुन्त सूचना दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाका कारण पत्ता लगाउन गाउँ जलश्रोत समितिले आवश्यक निरीक्षण गर्न गराउन सक्नेछ र प्राविधिक दृष्टिकोणवाट त्यस्तो दुर्घटना नदोहोरिन अपनाउनुपर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमतिप्राप्त व्यक्तिलाई आदेश दिन सक्नेछ र यस्तो आदेश पालना गर्नु सम्वन्धीत अनुमतिपत्र प्राप्त व्यक्तिको कर्तव्य हुनेछ ।

४६. **गाउँपालिकाले निर्देशन दिन सक्ने** : गाउँपालिकाले जलश्रोतको उपयोग सम्वन्धमा गाउँ जलश्रोत समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ । यस्तो निर्देशनको पालना गर्नु गाउँ जलश्रोत समितिको कर्तव्य हुनेछ ।

४७. **दण्ड सजाय:** (१) कसैले यो निर्देशिका वा यस अन्तरगतका अन्य दफा उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र त्यस्तो कसूरबाट कसैको हानीनोक्सानी भएको रहेछ भने निजबाट त्यस्तो हानीनोक्सानी वापतको क्षतिपुर्ति समेत भराई दिन सक्नेछ ।

(२)कसैले यस निर्देशिका बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना गाउँ जलश्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस निर्देशिका बमोजिम विकास गरिएको जलश्रोत वा त्यस्तो जलश्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा

तोकिएको अधिकारीले निजबाट बिगो असूल गरी निजलाई बिगो बमोजिमको जरिवाना समेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहान, बाँध,नहर वा जलश्रोतको उपयोगसित सम्बन्धित कुनै संरचना वा त्यस्तो संरचनामा असर पार्ने अन्य कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानीनोक्सानी पुऱ्याएमा वा त्यस्तो कुनै काम कुराको लागि दुरुत्साहन दिएमा वा त्यस्तो काम गर्ने उद्योग गरेमा निजबाट हानीनोक्सानीको बिगो असूल गरी निजलाई बिगो बमोजिम जरिवाना वा दसवर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

२३. पुनरावेदन : दफा १०, १५ वा १६ बमोजिम दिएको क्षतिपुर्तिको रकममा वा दफा २१ बमोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेकोमा वा दफा २२ को उपदफा (१),(२) वा (३) बमोजिम तोकिएको अधिकारीले दिएको सजायको आदेशमा चित्त नवुझ्ने व्यक्तिले पैतिस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन दिन सक्नेछ।

४८. **अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने** : गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशित गरी यस निर्देशिकाको अनुसूचीमा आवश्यकता अनुसार हेरफेर वा थपघट गर्न सक्नेछ ।

४९. **अरुको घर जग्गाको उपयोग वा प्राप्ति** : (१) जलश्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमति पत्र प्राप्त व्यक्तिले गाउँपालिका समक्ष तोकिएबमोजिम निवेदन दिन सक्नेछ ।

क) बाँध वा तटबन्ध बाध्न,
ख) नहर, कुलो वा सुरुङ्ग खन्न,
ग) जमिन माथि वा मुनि पानीको ट्यांकी बनाउन वा पाइप लाइन विछ्याउन,
घ)पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न,
ङ)जलश्रोतको विकाससित सम्बन्धित अरु आवश्यक निर्माण कार्य गर्न,

२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले ततसम्बन्धमा आवश्यक जाँचबुझ गरी प्रचलित कानुन बमोजिम संगठित संस्थालाई जग्गा प्राप्त गराई दिए सरह अनुमतिपत्र प्राप्त व्यक्तिलाई त्यस्तो घर जग्गा प्राप्त गराइदिन सक्नेछ ।

३) गाउँपालिकाले वा अनुमतिपत्र प्राप्त व्यक्तिले जलश्रोतको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरेमा त्यस्तो निर्माण कार्य भएको ठाउँ वा सो ठाउँको वरिपरि तोकिएको दुरीमा पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी गाउँपालिकाले निषेध गर्न सक्नेछ । त्यसरी निषेध गरिएको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्ने हानी नोक्सानी बापत गाउँपालिका वा अनुमति प्राप्त व्यक्तिले तोकिएबमोजिमको क्षतिपुर्ति दिनुपर्नेछ ।



## अनुसूची-१
### (दफा ५ सँग सम्बन्धित)
### निवेदन पत्रको ढाँचा

श्री अध्यक्ष ज्यु,
..................जलस्रोत समिति
..................
..................

महोदय,

हाम्रीले ......................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी ०७५ को दफा ५ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र एक सय रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता समितिको नामः
२. कार्यक्षेत्रः
३. उद्देश्यः
(क)
(ख)
(ग)
४. सदस्यहरुको नामः ठेगाना पेशा
(क)
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)
५. उपयोग गरिने जलस्रोत विवरणः
(क) जलस्रोतको नाम भएको ठाउँः
(ख) जलस्रोतबाट गरिने प्रयोगः
(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिणामः
(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पुर्‍याउन चाहेको सेवासम्बन्धी विवरण

(क) सेवाको किसिमः

(ख) सेवा पुर्‍याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको

सहीः

नामः

पदः

ठेगानाः

मितिः



# अनुसूची-२

## दफा ८ को उपदफ १सँग सम्बन्धित

## उपभोक्ता संस्था दर्ता प्रमाणपत्र

दर्ता मितिः

दर्ता नम्बरः

.................................गाउँपालिका जलस्रोत समिति

मितिः..................

श्री.........................................

.................................

..............................

..............................(सम्बन्धित उपभोक्ता संस्थाको नाम)....................कुशे गाउँपालिकाको जलस्रोत निर्देशिका, २०७४ को दफा ८ को उपदफा(१)बमोजिम......................साल..............महिना................गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी २०७५ बमोजिम आफ्नो कार्य सन्चालन गर्नुहोला ।

सहीः

नाम,थरः

पदः



CamScanner

अनुसूची-३

)नियम १२ को उपनियम )१( सँग सम्बन्धित )

जलस्रोत उपयोगको सर्वेक्षण अनुमिति पत्रको लगि दरखास्त

मितिः.................

श्री अध्यक्ष ज्यु,

...............गाउँ जलस्रोत समिति,

.......................................

जलस्रोतको उपयोगको निमित्त सर्वेक्षण गर्नको लागि अनुमतिपत्र पाउन कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी, २०७५ को दफा १२ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित संस्थाको नाम र ठेगानाः
२. उद्देश्यः
३. सर्वेक्षण गर्ने क्षेत्रः
४. सर्वेक्षण गर्न लाग्ने अनुमानित खर्च रु.:
   (पुष्ट्याइ विवरण संलग्न गर्नुपर्नेछ )
५. सर्वेक्षण गर्ने अवधिः
६. अन्य विवरणहरुः(कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी, २०७५ को दफा १२ बमोजिम)
७. माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको
तर्फबाट दरखास्त दिनेको
नाम,थरः
सहीः
पदः
ठेगानाः



अनुसूची-४

)नियम १४ सँग सम्बन्धित )

जलस्रोत उपयोगको सर्वेक्षण अनुमिति पत्रको लगि दरखास्त

अनुमितिपत्र संख्याः
मितिः.................................

श्री.......................................

.................................

महाशय,

तपाईलाई जलस्रोतको उपयोगको सर्वेक्षण गर्न पाउने गरी देहायको विवरण खोजि कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी, २०७५ को दफा १६ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठित संस्थाको पुरा ठेगानाः
२. जलस्रोत सर्वेक्षणको उद्देश्य
३. जलस्रोत सर्वेक्षणको क्षेत्र
४. सर्वेक्षण गर्ने अवधि
५. अनुमति पत्र बहाल रहने अवधि

अनुमतिपत्र दिने अधिकारीको
नामः
सहीः
पदः

## अनुसूची-५

)दफा १३ सँग सम्बन्धित )

### जलस्रोत उपयोगको उपयोग अनुमिति पत्रको लगि दरखास्त

मितिः................................

श्री अध्यक्ष ज्यु,

...................................गाउँ जलस्रोत समिति

...................................

जलस्रोत उपयोगको निमित्त अनुमति पाउन जलस्रोत कार्यविधि, २०७५ को दफा १३ बमोजिम देहायका विवरणहरु समेत खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठनिक संस्थाको नाम र ठेगानाः

२. उद्देश्यः

३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजनः

४. प्रस्तावित जलस्रोत उपयोग गर्ने ठाउः

५. जलस्रोतको उपयोगबाट लाभ पुग्ने ठाउँको क्षेत्रफलः

६. प्रस्तावित उपभोगबाट हुनसक्ने सम्भावित ललाभः

७. प्रस्तावित सेवाबाट लाभान्वित हुनेसक्ने उपभोक्ता संख्याः

८. जलस्रोत उपयोगका लागि लाग्ने अनुमानित रकम र सोको स्रोतः

९. जलस्रोत उपयोग गर्ने तरिकाः

१०. जलस्रोतको हाल भएको उपयोग र भविष्यमा हुनसक्ने उपयोगः

११. अन्य विवरण

माथि उल्लेखित व्यहोरा ठिक साँचो छ झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला ।

संगठित संस्था भए सो संस्थाको छाप

सम्बन्धित व्यक्ति वा संगठित संस्थाको तर्फबाट दरखास्त दिनेको

नाम,थरः

सहीः

पदः

ठेगानाः



## अनुसूची-६

)दफा २० सँग सम्बन्धित )

### जलस्रोत उपयोगको अनुमितिपत्र

मितिः.................

श्री..................................,

.............................................

महाशय,

तपाईलाइ जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली कुशे गाउँपालिकाको जलस्रोत कार्यविधी, २०७५ को दफा २० बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ ।

१. व्यक्ति वा संगठनिक संस्थाको नाम र ठेगानाः

२. जलस्रोत उपयोगको उद्देश्यः

३. जलस्रोतको नाम,किसिम र रहेको स्थानः

४. उपयोग गर्न पाउने जलस्रोतको परिणामः

५. जलस्रोत उपयोगको क्षेत्रः

६. जलस्रोत उपयोग गर्ने तरिकाः

७. प्रस्तावित परियोजनाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

८. अनुमतिपत्र बहाल रहने अवधिः

अनुमतिपत्र दिने अधिकारीको

नामः

सहीः

पदः



CS CamScanner

अनुसूची-७

)दफा २४ को उपदफा)२( सँग सम्बन्धित )

जलस्रोत उपयोगको अनुमिति पत्र

कुशे गाउँपालिका जलस्रोत समिति

अनुमितिपत्र संख्याः

मितिः...............................

श्री...........................................

.........................................

महाशय,

तपाईलाई ..............................मा दिनु भएको दरखास्त बमोजिम देहायको विवरण खुलाई जलस्रोत ऐन, २०४९ को दफा ८ को उपदफा (३) र जलस्रोत निर्देशिका, २०७... को नियम २४ बमोजिम य अनुमति पत्र प्रदान गरिउको छ ।

१. जलस्रोत उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाको पुरा ठेगानाः
२. जलस्रोत उपयोगसाग सम्बन्धित परियोजनाको नाम र किसिमः
   ( प्रत्येक उपयोग सँग सम्बन्धित)
३. जलस्रोतको नाम र रहेको स्थानः
४. जलस्रोतको उपयोग भएको स्थानः
५. जलस्रोत उपयोग भएको परिणामः
   प्रदेश............... जिल्ला..............गा.पा. वा गाउँपालिका...................
६. उपभोक्ता संख्या र त्यसको किसिमः
७. सेवा उपलब्ध गराउन शुरु गरेको मितिः
८. अनुमतिपत्र वहाल रहने अवधिः
९. अन्य शर्तहरुः

अनुमतिपत्र दिने अधिकारीको

नामः

सहीः

पदः



अनुसूची-८

)दफा १३ को उपदफा)२( दफा २५नियम २६ को उपदफा)२( सँग सम्वन्धित )

अनुमिति पत्र दस्तुर

गाउँ

**जलस्रोत उपयोगको किसिम**

| जलस्रोत उपयोगको किसिम | दस्तुर |
| --- | --- |
| क. खानेपानी र घरेलु उपयोग | रु.१००।- |
| ख. सिचाई | रु.२००।- |
| ग. पशुपालन तथा मत्स्यपालन जस्ता कृषीजन्य उपयोग | रु.१००।- |
| घ. घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग | रु.२००।- |
| ङ. जल यातायात | रु.५००।- |
| च. आमोद प्रमोदजन्य उपयोग | रु.५००।- |
| छ. अन्य उपयोग | रु.५००।- |

.....

....

म

रि



CamScanner

## अनुसूची-९
(दफा २९ सँग सम्बन्धित )
जलस्रोत उपयोग वापत बुझाउनु पर्ने वार्षिक शुल्क

१. सिचाईको हकमा
क. दुईहजार हेक्टरसम्मको जमीन सिचाई गर्न प्रतिहेक्टर रु. का दरले अधिकतम रु.१०००।-

ख.दुईहजार देखि पाँचहजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.२०००।-

ग.पाँचहजार देखि दशहजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.५०००।-

घ.दश हजार देखि पन्ध्र हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.१००००।-

ङ.पन्ध्र हजार देखि बीस हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.१५०००।-

च.वीस हजार देखि पच्चीस हजार हेक्टर सम्मको जमीन सिचाई गर्न रु.२००००।-

छ.पच्चीस हजार हेक्टर भन्दा माथिको जमीन सिचाई गर्न रु.२५०००।-

२.खानेपानीको हकमा

क. दुईहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.५००।-

ख.दुईहजार देखि पाँचहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२०००।-

ग.पाँचहजार देखि दशहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.५०००।-

घ.दश हजार देखि पन्ध्र हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.१००००।-

ङ.पन्ध्र हजार देखि वीस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.१५०००।-



च.वीस हजार देखि पच्चीस हजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२००००।-

छ.पच्चीस हजार भन्दा माथीको सम्मको जनसंख्यालाई खानेपानी व्यवस्था गर्न रु.२५०००।-

३.कृषिजन्य उपभोगका लागि रु. २०००।- देखि रु.२०हजार सम्म सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

४.घरेलु उद्योगको लागि रु. २०००।- देखि रु.२०हजार सम्म सम्म पानी प्रयोगको परिमाणको आधारमा

५.औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोगको लागि रु. ५०००।- देखि रु.५०हजार सम्म सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६.अमोद प्रमोदजन्य प्रयोगका लागि रु. १०००।- देखि रु.१०हजार सम्म सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

७. अन्य प्रयोगका लागि रु. ५०००।- देखि रु.१०हजार सम्म वार्षिक कारोवारका आधारमा

अनुसूची-१०

)दफा ३२ सँग सम्बन्धित )

## जग्गा उपभोग वा प्राप्तिका लागि दरखास्त

मितिः.................

श्रीमान ...............................

जलस्रोत मन्त्रालय ।

महोदय,

जलस्रोतको उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नको लागि तपशिलमा गर्नुपर्ने भएकोले नियमानुसार उपयोग गर्न पउल्लेखित घरजग्गा उपयोग गर्नुपर्ने वा प्रासःाजने गरी वा प्राप्त गराई पाउन यो दरखास्त पेश गरेको छु ।

तपशिल

संगठित संस्था भए सो संस्थाको छाप संस्थाको

सम्बन्धित व्यक्ति वा संगठित तर्फबाट दरखास्त दिनेको

नाम,थरः

सहीः

पदः

ठेगानाः

CamScanner